**NIC ASIA CAPITAL**

## "मेरो शेयर" को सेवा लिनको लागि निवेदन फाराम

श्री प्रमुख ज्यू,
एन आई सी एशिया क्यापिटल लिमिटेड
बबरमहल, काठमाडौं ।

मिति :......./......./.............

### विषय :- "मेरो शेयर" को सेवा प्रदान गरिदिने सम्बन्धमा ।

महोदय,

म/हामीले त्यस लि. मा खोलेको हितग्राही खाता सम्बन्धी विवरण इन्टरनेट मार्फत हेर्न तथा "मेरो शेयर" मा उपलब्ध सम्पूर्ण सेवाहरू प्रयोग गर्न चाहेकोले उक्त सेवा प्रदान गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु/गर्दछौं ।

| | |
|---|---|
| निवेदकको नाम/थर | |
| Name of Applicant (BLOCK Letter) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| निक्षेप सदस्य नम्बर (DPID) | १ | ३ | ० | १ | ३ | ७ | ० | ० |
| हितग्राही नम्बर (Client ID) | | | | | | | | |

| | | | |
|---|---|---|---|
| ईमेल (E-mail ID) | | | |
| सम्पर्क फोन नं. (Telephone No.) | अफिस | निवास | मोबाईल |
| | | | |
| ठेगाना (Address) | | | |
| | | | |

| | |
|---|---|
| जम्मा रू. (Total Rs.) | ५०/- |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खाता विवरण (A/c) | **एन आई सी एशिया क्यापिटल लिमिटेड - मेरो शेयर** | | | | | | | | | | | | | | | |
| खाता नं. (A/c No.) | ५ | ४ | ४ | ४ | ४ | ५ | १ | ० | २ | ५ | ५ | २ | ४ | ० | १ | ७ |

## "मेरो शेयर" को सेवा सम्बन्धी नियम तथा शर्तहरू

१. "मेरो शेयर" सेवा केवल व्यक्तिगत प्रयोजनको लागि मात्र हो । यो सेवा अन्य कसैलाई हस्तान्तरण गरिने छैन ।

२. ग्राहकले "मेरो शेयर" सेवासँग सम्बन्धित विद्युतीय कारोवारको लागि दिईएका सुरक्षित गोप्य नाम, पासवर्ड पिन आदि जानकारीको गोपनियता कायम गर्नेछ र यी जानकारीहरू कुनै पनि अवस्थामा कसैलाई कहिले पनि दिने छैन ।

३. यदि आफ्ना गोप्य पासवर्ड नम्बर पिन हराएको वा सो को जानकारीहरू कतै कोही असम्बन्धित व्यक्तिको जानकारीमा आएको थाहा भएमा तुरुन्त आफ्नो निक्षेप सदस्यलाई जानकारी गराई रद्द गराउनु पर्नेछ र परिवर्तन गराउनु पर्नेछ ।

४. "मेरो शेयर" मार्फत गरिएका सम्पूर्ण कारोवारको जिम्मेवारी ग्राहक स्वयंको हुनेछ ।

५. "मेरो शेयर"को प्रयोग सधैं सिडिएससिको प्रचलित नियम र विनियमको अधिनमा रहने छ ।

६. प्राविधिक कारणले सेवा अवरुद्ध हुन गई ग्राहकलाई हुन गएको असुविधा, क्षति वा हानी नोक्सानीको लागि निक्षेप सदस्य/सिडिएससि कुनै पनि किसिमले जिम्मेवार हुने छैन ।

७. यो निवेदनमा निक्षेप सदस्य/सिडिएससिको स्वीकृत आवश्यक पर्नेछ । निक्षेप सदस्य/सिडिएससिसँग कुनै कारण नखुलाई आफ्नो स्वविवेकमा निवेदन अस्वीकृत गर्ने अधिकार रहने छ ।

८. ग्राहकलाई सुचित गरी वा नगरी यो सुविधा नविकरण गर्ने, रद्द गर्ने वा फिर्ता लिने अधिकार निक्षेप सदस्य/सिडिएससिलाई रहने छ ।

९. एन आई सी एशिया क्यापिटल मार्फत हितग्राहीले आफ्नो खातामा भएको कारोबारको जानकारी अनलाईन मार्फत हेर्ने सुविधा लिन चाहेमा वार्षिक रुपमा पचास रूपैयाँ शुल्क एन आइ सी एशिया क्यापिटलको नाममा रहेको एन आई सी एशिया बैंक लि.मा रहेको बैंक नं. ५४४४५१०२५५२४०१७ (NIC ASIA CAPITAL LIMITED - MERO SHARE, A/c No. 5444451025524017) मा जम्मा गरि निवेदन दिनु पर्नेछ । साथै वार्षिक मेरो शेयरको नविकरण शुल्क वापत भुक्तानी गर्नुपर्ने रकम माथि उल्लेख गरिएको हितग्राही खातामा रहेको बैंक तथा वित्तीय संस्थाको बैंक खाताबाट कट्टी गर्न मेरो पूर्ण मन्जुरी रहेको व्यहोरा समेत अनुरोध छ ।

### उद्घोषण :

म/हामी माथि उल्लेखित सम्पूर्ण विवरण साँचो रहेको घोषणा गर्दछु/गर्दछौं । यदि उल्लेखित विवरणहरू कुनै कारणवश गलत भएको अथवा गलत प्रमाणित भएको अवस्थामा त्यसबाट सिर्जना हुने सम्पूर्ण परिस्थितिको जिम्मेवार म/हामी स्वयं हुने छु/छौं । साथै माथि उल्लेखित मोबाईल नम्बर तथा इमेल मेरो/हाम्रो व्यक्तिगत प्रयोजनका लागि प्रयोग हुनेछ, तथा "मेरो शेयर" को सेवाका लागि सिडिएससिबाट प्रदान गरिने Login ID तथा Password हरू उल्लेखित मोबाईल नम्बर वा इमेल ठेगानामा प्राप्त गर्न मेरो/हाम्रो मन्जुरी छ । "मेरो शेयर"को सेवा उपभोग गर्ने सम्बन्धमा सिडिएससिद्वारा जारी गरिएको यस सेवासँग सम्बन्धित माथि उल्लेख गरिएका सम्पूर्ण नियम, शर्तहरू राम्ररी पढी बुझि स्वीकार गर्दछु/गर्दछौं ।

.................................... ....................................

आधिकारिक दस्तखत मिति